# गैरआवासीय नेपाली संघ

## अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभा सञ्चालन सम्बन्धी नियमावली, २०२२

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२२ अक्टोवर ९

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ - सन् ९ *जुलाई २०२३ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधान *.................. को दफा १३ र दफा १४ मा उल्लेखित अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभालाई व्यवस्थित र मर्यादित बनाउनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *.................. को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभा सञ्चालन सम्बन्धी नियमावली, २०२२" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।*<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउँनेछ ।

(ख) "**विधान**" भन्नाले संघको विधान २००३ *.................. लाई जनाउँनेछ । उक्त शब्दावलीले सो विधानको सट्टामा जारी हुने विधान वा सोमा समय समयमा हुने संशोधन समेतलाई जनाउँनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउँनेछ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउँनेछ ।

(ङ) **"सचिवालय"** भन्नाले संघको कार्यालयलाई जनाउँनेछ ।

(च) **"राष्ट्रिय समन्वय परिषद्"** भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउँनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको।
* पहिलो संशोधनद्वारा झिकिएको।
* पहिलो संशोधनद्वारा थप।
* पहिलो संशोधनद्वारा झिकिएको।

(छ) **"सदस्य"** भन्नाले संघको विधानका दफा ७ अनुसार सदस्यता प्राप्त गरेको व्यक्तिलाई जनाउँनेछ ।

(ज) "**महाधिवेशन**" भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेशनलाई जनाउँनेछ ।

(झ) "**साधारण सभा**" भन्नाले संघको वार्षिक साधारण सभा वा विशेष साधारण सभालाई जनाउँनेछ ।

(ञ) **"प्रतिनिधि"** भन्नाले संघको विधानको दफा १३.७ अनुसार *महाधिवेशनका लागि र दफा १४.१० अनुसार साधारण सभालाई चयन भएका प्रतिनिधिलाई जनाउँनेछ ।

(ट) "**परिचयपत्र**" भन्नाले महाधिवेशनमा भाग लिन आउने प्रतिनिधिलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले जारी गरेको परिचयपत्रलाई जनाउँनेछ ।

(ठ) "**निर्वाचन अनुगमन समिति**" भन्नाले संघको विधानको दफा २१.८ मा व्यवस्था भएको निर्वाचन अनुगमन समितिलाई जनाउँनेछ ।

(ड) "**डिजिटल सफ्टवेयर**" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको जुम सफ्टवेयर वा माइक्रोसफ्ट टिम्स सफ्टवेयर वा महाधिवेशन/साधारण सभा सञ्चालन गर्न सकिने कुनै एक सफ्टवेयरलाई जनाउँनेछ ।

(ढ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई जनाउँनेछ ।

*(ण) **"पदाधिकारी"** भन्नाले संघको विधानको दफा ५.१४ मा परिभाषित पदाधिकारीलाई जनाउँनेछ ।

३. **महाधिवेशन तथा साधारण सभा *................. का प्रतिनिधि र दस्तावेजको तयारीः**

(१) महाधिवेशन प्रतिनिधिहरुको छनोट विधानको दफा १३.७ अनुसार हुनेछ *र साधारण सभाका प्रतिनिधिहरु छनोट विधानको दफा १४.१० अनुसार हुनेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले *................. साधारण सभामा छलफल गरि पारित गरिने वार्षिक (सांगठनिक प्रगति) प्रतिवेदन, आर्थिक प्रतिवेदन, विधान संशोधनका लगायत विधानको दफा १४.१ देखि दफा *१४.९ सम्मका प्रस्तावहरु *र महाधिवेशनमा पेश हुने प्रस्तावहरु महाधिवेशन वा साधारण सभा पूर्व तयार गर्नु पर्नेछ । महाधिवेशन वा साधारण सभाका प्रस्तावहरुको दस्ताबेज तयार गरी प्रतिनिधिहरुलाई महाधिवेशन वा साधारण सभा आयोजना हुनुभन्दा ७ (सात) दिन अगाडी उपलव्ध गराईनेछ ।

*तर महाधिवेशन र साधारण सभाको सूचना र छलफलका विषयहरु कम्तिमा १ (एक) महिना अगाडि सार्वजनिक गर्नु पर्नेछ ।

(३) साधारण सभा वा महाधिवेशनका काम कारवाहीहरु संघको विधानको दफा १४ अनुसार हुनेछ ।

(४) महाधिवेशन वा साधारण सभा भौतिक वा अनलाईन वा भौतिक/अनलाईनबाट हुन सक्नेछ ।

(५) भौतिकरुपमा महाधिवेशन वा साधारण सभामा उपस्थित हुन चाहने प्रनितिधिहरुलाई परिचय पत्र र अनलाईन मार्फत महाधिवेशन वा साधारण सभामा उपस्थित हुन चाहने प्रनितिधिहरुलाई डिजिटल

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।

सफ्टवेयरको लिङ्क, Meeting ID र पासवर्ड व्यवस्थापन गर्ने कार्य संघको सूचना प्रविधि विभागले गर्नेछ ।

४. **<u>महाधिवेशन वा साधारण सभाको मिति, स्थान, समय, माध्यम, अध्यक्षता, सञ्चालन, आसन ग्रहणः</u>**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्दिष्ट गरेको मिति, समय र स्थानमा महाधिवेशन वा साधारण सभा सञ्चालन हुनेछ ।

*अन्तर्राष्ट्रिय समन्वय परिषद्को दुई तिहाई भन्दा बढीको सहमतिमा वा वार्षिक साधारण सभाको निर्देशनमा विशेष साधारण सभा बोलाउन सकिनेछ । विशेष साधारण सभा सामान्यत निर्णय/निर्देशन गरेको ३ (तीन) महिना भित्र गर्नु पर्नेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारी तथा सदस्यहरु, पूर्व अध्यक्षहरु, संरक्षकहरु, सल्लाहाकारहरु, मानार्थ/सम्बद्ध सदस्यहरु, प्रतिनिधिहरु र संघको विधानले व्यवस्था गरेका पर्यवेक्षकहरुलाई मात्र महाधिवेशन वा साधारण सभा हलमा प्रवेश गराईने छ ।

(३) महाधिवेशन वा साधारण सभामा प्रवेश गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको परिचयपत्र देखाउनु पर्नेछ ।

(४) महाधिवेशन वा साधारण सभाका प्रतिनिधिहरुको अभिलेख संघको MIS प्रणालीमा राखिनेछ ।

(५) महाधिवेशन वा साधारण सभाको अध्यक्षता संघको अध्यक्षले गर्नेछन् ।

तर अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरु मध्ये १ (एक) उपाध्यक्षले गर्नेछन् । *<u>अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय</u>ले अध्यक्षता गर्ने उपाध्यक्षको चयन गर्नेछ । अध्यक्ष वा उपाध्यक्षको अनुपस्थितिमा *<u>अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय</u>ले चयन गरेको व्यक्तिले महाधिवेशन वा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) महाधिवेश वा साधारण सभाको सञ्चालन संघको महासचिवले गर्नेछ ।

तर महासचिवको अनुपस्थितिमा उक्त कार्य *<u>अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय तोकेको उपमहासचिवहरु मध्ये कुनै</u> एकले गर्नेछन् । *................. *<u>उपमहासचिवहरु समेत अनुपस्थितिमा भएमा सचिवहरु मध्ये अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको कुनै १ (जना) सचिवले र सचिवहरुको समेत अनुपस्थिति रहेमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको कुनै १ (एक) जनाले व्यक्तिले महाधिवेशन वा साधारण सभा सञ्चालन गर्नेछ ।</u>

(७) अध्यक्षता ग्रहण पछि महाधिवेशन वा साधारण सभा सञ्चालकले अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारी तथा सदस्यहरु, पूर्व अध्यक्षहरु, संरक्षकहरु, सल्लाहाकारहरु, मानार्थ/सम्बद्ध सदस्यहरु, सल्लाहकारहरुको आसन ग्रहण गराउँनेछ ।

तर अनलाईन मार्फत महाधिवेशन वा साधारण सभामा उपस्थित हुनेलाई जहाँ रहनु भएको सोही स्थानमा आसन ग्रहण गर्न अनुरोध गरिनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।

(८) महाधिवेशन वा साधारण सभाको उद्घाटन लगायत महाधिवेशन वा साधारण सभाका अन्य औपचारिक प्रक्रिया र अध्यक्षको उद्घाटन भाषण (Opening Statement) पछि महाधिवेशन वा साधारण सभाको औपचारिक रुपमा शुरु हुनेछ ।

५. **<u>अनलाईन महाधिवेशन वा साधारण सभाका सम्बन्धमा थप व्यवस्थाः</u>**

(१) महाधिवेशन वा साधारण सभाका प्रतिनिधिहरुलाई महाधिवेशन तथा साधारणसभा हुने मिति भन्दा ७ (सात) दिन अगाडी नै डिजिटल सफ्टवेयरको लिङ्क, Meeting ID र पासवर्ड निजहरुको ईमेल ठेगानामा पठाईनेछ । सोका साथै हरेक प्रतिनिधिहरुलाई एक छुट्टै रजिष्ट्रेशन कोर्ड समेत उपलव्ध गराईनेछ ।

(२) डिजिटल सफ्टवेयरको सञ्चालनको होस्ट वा एडमिनको कार्य संघको सूचना प्रविधि विभागबाट गरिनेछ ।

(३) होस्ट वा एडमिनले महाधिवेशन वा साधारण सभा प्रतिनिधिले महाधिवेशनमा प्रवेश गर्नका लागि डिजिटल सफ्टवेयरमा संघले उपलव्ध गराएको लिङ्क, Meeting ID र पासवर्ड प्रविष्ट गरे पश्चात् निज महाधिवेशन वा साधारण सभा प्रतिनिधि भए नभएको निरीक्षण गर्नेछन् ।

(४) महाधिवेशन वा साधारण सभा प्रतिनिधि भएको यकिन गरे पश्चात् होस्ट वा एडमिनले डिजिटल सफ्टवेयरको "**वेटिङ रुम**" मा भएका प्रतिनिधिलाई महाधिवेशन वा साधारण सभा हलमा प्रवेश गर्न अनुमति दिनेछन् ।

(५) महाधिवेशन वा साधारण सभामा कुनै प्रतिनिधिलाई उपलव्ध गराएको लिङ्क, Meeting ID र पासवर्ड प्रविष्ट गरी महाधिवेशन वा साधारण सभामा प्रवेश गरे पश्चात् उक्त व्यक्ति प्रतिनिधि नभएको जानकारी भएमा निजलाई तत्कालै महाधिवेशन वा साधारण सभा प्रवेश गर्न दिईएको अनुमति रद्द गरिनेछ ।

(६) प्रतिनिधिहरुको उपस्थिति विधुतिय अभिलेखमा राखिनेछ ।

(७) प्रतिनिधिहरुको अलावा अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारी तथा सदस्यहरु, पूर्व अध्यक्षहरु, संरक्षकहरु, सल्लाहाकारहरु, मानार्थ सदस्यहरु, र संघको विधानले व्यवस्था गरेका पर्यवेक्षकहरुलाई महाधिवेधन वा साधारण सभामा प्रवेश गराईनेछ ।

६. **<u>गणपूरक संख्या, मत र अनुमोदन वा स्वीकृतिः</u>**

(१) महाधिवेशन वा साधारण सभालाई तोकिएको मिति, स्थान वा माध्यम र समयमा उपस्थित हुने प्रतिनिधिहरुलाई महाधिवेशन वा साधारण सभाको गणपूरक संख्या मानिनेछ ।

(२) महाधिवेशन वा साधारण सभामा प्रस्ताव गरिएको बिषय वस्तुको गम्भिरता र अवस्थालाई विचार गरेर हात उठाएर वा गोप्य मतदानबाट निर्णयमा पुगिनेछ ।

तर अनलाईन महाधिवेशन वा साधारण सभाको प्रस्तावहरु उपर मत विभाजनका लागि उपयुक्त व्यवस्था डिजिटल सफ्टवेयरमा गरिनेछ ।

(३) आर्थिक र वार्षिक (सांगठनिक प्रगति) प्रतिवेदनको अनुमोदनका लागि महाधिवेशन वा साधारण सभामा उपस्थित ५० (पचास) प्रतिशत भन्दा बढी प्रतिनिधिहरुको मत प्राप्त हुनु पर्नेछ । विधान संशोधनको लागि भने कम्तिमा उपस्थित दुई तिहाई मतको आवश्यक पर्नेछ ।

७. **वार्षिक (सांगठनिक प्रगति) प्रतिवेदनः**

(१) चालु कार्यकालमा संघले गरेको विविध कार्यक्रमको प्रगति, उपलव्धी र भावी कार्यदिशाको वार्षिक (सांगठनिक प्रगति) प्रतिवेदन महासचिवले प्रस्तुत गर्नेछ । महासचिवको अनुपस्थितिमा ♣अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोके अनुसार उपमहासचिवहरु मध्ये एक, उपमहासचिवहरु अनुपस्थिति भएमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोके अनुसार सचिवहरु मध्ये कुनै १ (जना) ले र सचिवहरुको समेत अनुपस्थिति रहेमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको कुनै १ (एक) जनाले गर्नेछन् ।

(२) वार्षिक (सांगठनिक प्रगति) प्रतिवेदनमा ♣.................. साधारण सभामा छलफल गरि नियम ६ मा उल्लेखित मतदान प्रक्रियाबाट पारित गरिनेछ ।

(३) वार्षिक (सांगठनिक प्रगति) प्रतिवेदन साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगाडी प्रतिनिधिहरुलाई पठाउनु पर्नेछ ।

(४) वार्षिक (सांगठनिक प्रगति) प्रतिवेदन ♣.................. साधारण सभाको दिन उक्त प्रतिवेदन पुस्तिकाको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. **आर्थिक प्रतिवेदनः**

(१) चालु कार्यकालमा भएका संघका आर्थिक क्रियाकलाप, आम्दानी खर्चको विवरण सहितको आर्थिक प्रतिवेदन साधारण सभामा कोषाध्यक्षले प्रस्तुत गर्नेछ । कोषाध्यक्षले आगामी वर्षको अनुमानित बजेट प्रस्तुत गर्न सक्नेछ ।

तर कोषाध्यक्षको अनुपस्थितिमा ♣अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले सहकोषाध्यक्षहरु मध्ये १ (एक) लाई जिम्मेवारी तोक्ने छ । सहकोषाध्यक्षहरु समेत महाधिवेशन वा साधारण सभामा अनुपस्थिति भएमा ♣अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको व्यक्तिले ♣.................. साधारण सभा आर्थिक प्रतिवेदन पेश गर्नेछ ।

(२) आर्थिक प्रतिवेदन वा आगामी वर्षको अनुमानित बजेट सम्बन्धित विवरणमा छलफल गरि नियम ६ मा उल्लेखित मतदान प्रक्रियाबाट पारित गरिनेछ ।

(३) आर्थिक प्रतिवेदन साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगाडी प्रतिनिधिहरुलाई पठाउनु पर्नेछ ।

(४) साधारण सभाको दिन आर्थिक प्रतिवेदन पुस्तिकाको रुपमा प्रतिनिधिहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) विधानको दफा २७ अनुसार आय व्ययको विवरण नेपाल सरकारको लेखा प्रणाली वमोजिम तयार हुनेछ ।

(६) विधानको दफा २७ अनुसार प्रतिनिधिहरुले नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरिक्षकहरु मध्येबाट १ (एक) लेखापरिक्षक नियुक्ति गरी पारश्रमिक तोक्नेछ ।

(७) संघको लेखापरिक्षकको प्रतिवेदन संघको लेखापरिक्षण भएको १ (एक) महिना भित्र मन्त्रालय समक्ष पेश गरिनेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।
♣ पहिलो संशोधनद्वारा संशोधित ।
♣ पहिलो संशोधनद्वारा संशोधित ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।

९. <u>विधान संशोधनः</u>

(१) संघको **"विधान संशोधन तथा नियमावली निर्माण सम्वन्धी नियमवाली, २०२१"** अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तयार पारेको संशोधनको प्रस्ताव छलफलका लागि प्रस्ताव गरिनेछ । विधान संशोधन प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषद्को तर्फबाट विधान संशोधन सुझाव समितिको संयोजकले पेश गर्नेछ ।

तर विधान संशोधनको प्रस्तावको प्रस्तुति महाधिवेशन वा साधारण सभामा विधान संशोधन सुझाव समितिका संयोजक उपस्थति नभएमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको पदाधिकारीले गर्नेछन् ।

(२) विधान संशोधन प्रस्ताव माथि छलफल गरि नियम ६ मा उल्लेखित मतदान प्रक्रियाबाट विधान संशोधन गरिनेछ । विधान संशोधनका अन्य प्रकृया **"विधान संशोधन सुझाव तथा नियमावली निर्माण नियमवाली, २०२१"** अनुसार हुनेछ ।

१०. <u>निर्वाचनः</u>

(१) निर्वाचन समितिले संघको **"निर्वाचन सम्वन्धी नियमावली, २०२१"** अनुसार निर्वाचन गर्नेछ ।

(२) निर्वाचन भौतिक वा अनलाईन माध्यमबाट सञ्चालन गर्न सकिने छ ।

(३) निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र सदस्यहरुको घोषणा प्रमुख निर्वाचन अधिकृतले महाधिवेशन हलमा घोषणा गर्नेछ ।

११. <u>अन्य प्रस्तावहरुः</u>

(१) वार्षिक (सांगठनिक प्रस्ताव) र आर्थिक प्रस्ताव बाहेक विधानको दफा १४.१ देखि विधानको दफा *<u>१४.९</u> सम्मका प्रस्तावहरु महाधिवेशन वा साधारण सभा सञ्चालकले छलफल र निर्णयका लागि *.................. साधारण सभामा छलफल र निर्णयका लागि पेश गर्नेछ ।

(२) उपनियम (१) सँग सम्बन्धित प्रस्तावहरु उपर छलफल गरि नियम ६ मा उल्लेखित मतदान प्रक्रियाबाट पारित गरिनेछ ।

(३) उपनियम (१) सँग सम्बन्धित प्रस्तावहरु महाधिवेशन वा साधारण सभा हुनु भन्दा *<u>७ दिन</u> अगाडी प्रतिनिधिहरुलाई पठाउनु पर्नेछ ।

(४) उपनियम (१) सँग सम्बन्धित प्रस्तावहरु महाधिवेशन वा साधारण सभाको दिन पुस्तिकाको रुपमा प्रतिनिधिहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

१२. <u>समापन, सपथ ग्रहण, चालु समिति भंगः</u>

(१) महाधिवेशन अन्तर्गत हुने निर्वाचन प्रकृया सम्पन्न भए पछि संघको अध्यक्षले महाधिवेशनको समापनको घोषणा गर्नेछ ।

(२) नयाँ निर्वाचित आन्तर्राष्ट्रिय समन्वय परिषद्को सपथ ग्रहण प्रमुख निर्वाचन अधिकृतले गराउनेछ ।

(३) नयाँ निर्वाचित आन्तर्राष्ट्रिय समन्वय परिषद्ले सपथ लिए पछि पुरानो परिषद् स्वतः भंग हुनेछ ।

१३. <u>महाधिवेशन वा साधारण सभाको काम कारवाही अभिलेख र प्रमाणिकरणः</u>

(१) महाधिवेशन/साधारण सभामा भएका सम्पूर्ण काम कारवाही विधुतिय अभिलेखमा राखिनेछ ।

(२) महाधिवेशन वा साधारण सभामा भएको काम कारवाहीको अभिलेख महासचिवले राख्नु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(३) महाधिवेशन वा साधारण सभाको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नु पर्नेछ ।

१४. <u>जानकारी र अनुगमनः</u>

(१) महाधिवेशन वा साधारण सभा अनलाईनबाट हुने भएमा सोसँग सम्बन्धित जानकारी मन्त्रालयलाई महाधिवेशन वा साधारण सभा हुने दिन भन्दा ७ (सात) दिन अगावै दिनु पर्नेछ ।

(२) महाधिवेशन वा साधारण सभाको अनुगमन गर्नका लागि मन्त्रालयबाट गर्न चाहेमा सोको अनुगमन गर्न दिईनेछ ।

१५. <u>बाधा अड्काउ फुकाउः</u>

(१) यस नियमावली अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन सम्बन्धित कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा निर्वाचन समितिको अनुरोधमा त्यस्तो बाधा अड्काउ संघको विधानसँग नबाझिने गरी अन्तर्राष्ट्रिय समन्वय परिषदले फुकाउन सक्नेछ ।

(२) यस नियमावली अनुसार *...................... कुनै कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

१६. <u>यसै नियमावली बमोजिम हुनेः</u>

(१) यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ । यस नियमावलीको व्यवस्थाहरु विधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म विधान वा प्रचलित कानून लागू हुनेछ ।

*१६क. **विनियम वा निर्देशिका बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

१७. <u>खारेजी र बचाउः</u>

(१) अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारणसभा वा विशेष साधारणसभा सञ्चालन सम्बन्धी नियमावली, २०२२ खारेज गरिएको छ ।

(२) अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारणसभा वा विशेष साधारणसभा सञ्चालन सम्बन्धी नियमावली, २०२२ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा थप ।